परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : १८० पृष्ठ ४ २०८३ वैशाख ८ गते मंगलवार 21 April, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## प्रहरीभित्र आर्थिक विवाद

# डीआईजीको नाममा रकम उठेको अडियो सार्वजनिक



● टक नेपाल

मधेश प्रदेश प्रहरी संगठनभित्र आर्थिक लेनदेनसम्बन्धी विवाद चर्किएको छ। प्रहरी उच्च अधिकारीको नाममा रकम संकलन गरिएको दाबी गरिएको अडियो सार्वजनिक भएपछि विवाद सतहमा आएको हो। प्रहरी स्रोतका अनुसार मधेश प्रदेश प्रहरी प्रमुख गोविन्द थपलिया को नाममा व्यापारी राजीव महासेठले विभिन्न व्यापारीसँग रकम संकलन गरेको र उक्त रकम केही प्रहरी कर्मचारीलाई बुझाइएको दाबी गरिएको छ। यससम्बन्धी अडियो संवाद बाहिरिएसँगै संगठनभित्र असन्तोष बढेको बताइएको छ।

उक्त विषय सार्वजनिक भएपछि जिल्ला प्रहरी कार्यालय धनुषाको अपराध अनुसन्धान तथा विश्लेषण शाखामा कार्यरत वरिष्ठ सई सागरसमशेर राणालाई दोषी देखाउने प्रयास भएको आरोप छ। राणाले आफूलाई लाञ्छना लगाउने प्रयास भइरहेको भन्दै व्यापारी महासेठसँग गरेको फोन संवाद अडियोमा झल्किएको बताइएको छ। तर, राणासँग सम्पर्क गर्न खोज्दा उनको मोबाइल बन्द रहेको थियो भने धनुषा प्रहरी प्रमुख रुगमबहादुर कुवर पनि सम्पर्कमा आएका छैनन्।

प्रहरी स्रोतका अनुसार सई जयलाल यादव र वरिष्ठ सई गोपाल थापा मगर आर्थिक संकलनमा सक्रिय रहेको भनिएको छ। मगरलाई उच्च नेतृत्वकै परिवारको सिफारिसमा पठाइएको चर्चा समेत छ।

यस विवादको सुरुआत गत चैत १ गते एक व्यापारीको भन्सारसम्बन्धी विवादित सामान वरिष्ठ सई मगरले नियन्त्रणमा लिएको घटनाबाट भएको बताइएको छ। उक्त विषय काठमाडौँसम्म पुगेपछि प्रदेश प्रहरी प्रमुख थपलियाले सम्बन्धित प्रहरी कर्मचारीलाई जिल्ला तान्ने निर्देशन दिएका थिए, तर यसमा जिल्ला प्रहरीसँग समन्वय नभएको स्रोतको दाबी छ। त्यसपछि व्यापारी राजीव महासेठमार्फत 'कुरा मिलाउने' प्रयास भएको र सोही क्रममा रकम संकलन गरिएको आरोप सार्वजनिक भएको हो। विषय चर्किएपछि उक्त कार्य जिल्ला प्रहरीकै टोलीबाट भएको भन्दै जिम्मेवारी पन्छाउने प्रयास भएको आरोपसमेत लागेको छ।

यस विषयमा प्रतिक्रिया दिँदै डीआईजी गोविन्द थपलिया ले अडियोको सत्यतामाथि प्रश्न उठाएका छन्। उनले भने, "यो अडियो कसले र कसरी बनायो भन्ने मलाई थाहा छैन, त्यसबारे सम्बन्धित व्यक्तिलाई नै सोध्नुपर्छ।"

प्रहरी संगठनभित्रै नाम जोडिएको यस्तो आर्थिक विवादले गम्भीर प्रश्न खडा गरेको छ। घटनाको निष्पक्ष छानबिन र सत्यतथ्य सार्वजनिक गर्नुपर्ने माग बढ्दो छ।

# एक महिनामा ११४ सवारी दुर्घटना




● टक नेपाल

रौतहट जिल्लाका विभिन्न स्थानमा एक महिनाको अवधिमा ११४ वटा सवारी दुर्घटना भएका छन् । जिल्ला प्रहरी कार्यालय रौतहटको तथ्यांक अनुसार गत चैत महिनामा मात्रै जिल्लाका विभिन्न ठाउँमा ११४ वटा सवारी दुर्घटना भएका हुन् । ती दुर्घटनामा तीन जनाको मृत्यु भएको छ ।

सवारी दुर्घटनामा १६९ वटा सवारीसाधन संलग्न रहेको, तीन जनाको मृत्यु भएको, १७८ जना घाइते भएको तथा १७८ जनाको प्रहरीद्वारा उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक विष्णुप्रसाद वस्यालले जानकारी दिनुभयो ।

उहाँका अनुसार चालकको लापरबाहीका कारण ८७ वटा, सवारी साधनको कारण १ वटा तथा पैदल यात्रीको कारण २६ वटा गरी कुल ११४ वटा दुर्घटना भएका हुन् । त्यसैगरी ट्राफिक नियम उल्लङ्घन गरी सवारी चलाउने एक हजार ११० जना चालकलाई कारबाही गरी ११ लाख ५३ हजार रुपियाँभन्दा बढी जरिवाना असुल गरिएको पनि उहाँले बताउनुभयो ।

सवारी दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरी कार्यालय र नेपाल प्रहरीले समय-समयमा ट्राफिक नियमसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । साथै जिल्ला सदरमुकाम गौर-चन्द्रपुर सडक खण्ड, पूर्व-पश्चिम राजमार्ग, गौर-पिपरा सडक खण्डलगायत विभिन्न स्थानमा ट्राफिक चेकजाँच कडाइ गरिएको र नियम उल्लङ्घन गर्ने चालकलाई कानुनअनुसार कारबाही गरिँदै आएको प्रवक्ता वस्यालले जानकारी दिनुभयो ।

व्यक्तिगत घटना दर्ता सप्ताह

२०८३ साल बैशाख १ देखि ७ गतेसम्म

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तिका लागि जन्म, मृत्यु, विवाह, बसाईंसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं/गराऔं ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी, मधेश प्रदेश

हैजा बारे जानौं, बुझौं र सतर्क रहौं

गर्मी तथा वर्षायाम सुरु भएसँगै विशेषगरि बालबालिकामा झाडापखाला, हैजा जस्ता रोगहरु फैलने हुँदा सावधानी र सतर्कता अपनाउन असाध्यै जरुरी छ ।

घरैमा उपचार गर्ने ५ नियम

१ झाडापखाला हुनासाथ एक लिटर सफा पानीमा एक पुरिया जीवनजल राखी राम्ररी घोल्ने र पटक पटक खुवाउने

२ प्रशस्त मात्रामा सफा तथा झोल कुराहरु पटक पटक खान दिने

३ नरम तथा सजिलै पच्ने खानेकुरा थोरै थोरै गरी पटक पटक खुवाइरहने

४ स्वास्थ्यकर्मीले सिफारिस गरे अनुसार जिङ्क चक्कीको मात्रा नविराइकन खुवाउने

५ व्यक्तिगत सरसफाईमा ध्यान दिने, र स्वच्छ पानी तथा खाना खाने



बर्दिवास नगरपालिका,महोत्तरी (मधेश प्रदेश)

पछिल्का लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### अक्षय तृतीया


अक्षय तृतीया केवल एक धार्मिक तिथि मात्र होइन, आत्मशुद्धि र सामाजिक उत्तरदायित्वको गहिरो सन्देश बोकेको पर्व हो। 'अक्षय' अर्थात् कहिल्यै नाश नहुने तत्वको खोजीमा मानव सधैं अग्रसर रहँदै आएको छ, तर भौतिक वस्तुहरू क्षयशील हुने यथार्थलाई हामी प्रायः बेवास्ता गर्छौं। यही सन्देशलाई पुनः स्मरण गराउँदै यो पर्वले हामीलाई बाह्य आडम्बरभन्दा आन्तरिक शुद्धीकरणतर्फ उन्मुख गराउँछ।

आजको उपभोक्तावादी समाजमा अक्षय तृतीयालाई सुनचाँदी खरिद गने अवसरका रूपमा सीमित गरिँदैछ, जुन यसको वास्तविक आध्यात्मिक मर्मसँग मेल खाँदैन। भगवान् श्रीकृष्ण ले भगवद् गीता मा उल्लेख गर्नुभएको निष्काम कर्मको सिद्धान्तले देखाउँछ कि सानो सद्कर्म पनि अक्षय हुन्छ। त्यसैले यो दिन दान, परोपकार, वातावरण संरक्षण र आत्मनिरीक्षणमा केन्द्रित हुनु नै यसको सही अभ्यास हो।

अक्षय तृतीया हामीलाई स्वार्थ त्यागेर परमार्थतर्फ उन्मुख हुन प्रेरित गने अवसर हो। सत्य, करुणा र सेवा जस्ता मूल्यहरूलाई जीवनमा आत्मसात् गर्न सके मात्र 'अक्षय' को वास्तविक अर्थ साकार हुन्छ। यस पर्वलाई भौतिक प्रदर्शनभन्दा नैतिक जागरणको दिनका रूपमा मनाउनु आजको आवश्यकता हो।

# तलबमा विभेदः कर्मचारीलाई महिनामा दुई पटक, शिक्षकलाई भने उधारो

● टक नेपाल




नेपालको प्रशासनिक इतिहासमा एउटा नयाँ प्रयोग सुरु भएको छ, सरकारी कर्मचारीलाई महिनाको दुई पटक तलब दिने ।

अर्थमन्त्रीस्तरीय यो निर्णयले बजारमा आर्थिक गतिविधि बढाउने र कर्मचारीको जीवन सहज बनाउने तर्क गरिएको छ । तर यही समय देशभरका लाखौं विद्यालय शिक्षकहरूले भने तबल पाउन ३-४ महिना नै कुर्नुपर्ने अवस्था छ । कतै त्रैमासिक त कतै चौमासिकको निमयले उनीहरू लामो समयसम्म तलबविहीन अवस्थाबाट गुज्रिन बाध्य बनिरहेका छन् ।

सरकारको यो विरोधाभाषपूर्ण व्यवहारको मारमा अब शिक्षक पर्ने देखिएको छ । राज्यको आँखामा 'निजामती कर्मचारी' र 'शिक्षक' फरक पर्ने निश्चित भइसकेको छ।

के हो अर्थ मन्त्रालयको नयाँ रणनीति ?

गत शुक्रबार अर्थ मन्त्रालयले महालेखा नियन्त्रक कार्यालयलाई पत्र लेख्दै सरकारी कर्मचारीहरूलाई 'अर्धमासिक' तलबभत्ता उपलब्ध गराउने व्यवस्था मिलाउन निर्देशन दिएको थियो । अर्थात् मासिक तलबभत्ता नियम तोड्न भनिएको थियो ।

मन्त्रालयका सहसचिव डा. सुमन दाहालका अनुसार यो व्यवस्था कर्मचारीहरूलाई सहजता होस् भनी ल्याइएको हो । सरकारको तर्क छ '१५-१५ दिनमा हातमा पैसा पर्दा कर्मचारीलाई घरायसी खर्च चलाउन सजिलो होस् र बजारमा पैसा चलायमान होस् । मन्त्रालयले सुस्ताएको अर्थतन्त्रलाई राहत दिने दाबी गरेको छ ।

तर शिक्षकका पीडा समेटिएनन्

सरकारले १५ दिनमा 'सरकारी कर्मचारीको तलबभत्ता' दिने निर्णय गर्दा शिक्षक भने छुटे/छुटाइए । शिक्षाको मेरुदण्ड शिक्षकहरूलाई भने यो सुविधाबाट वञ्चित पारियो । त्यसै त तलबमा मात्र निर्भर शिक्षक आधारभूत जीविकोपार्जनका लागि पनि ऋण खोज्न बाध्य छन् । शुक्रबार सरकारी कर्मचारीलाई १५ दिनमा तलब दिने निर्णयपछि नेपाल शिक्षक महासंघले देशका दर्जनौं स्थानीय तहमा शिक्षकहरूले साउनदेखि यताको तलबसमेत बुझ्न नपाएका बताएको थियो । बाजुराको बुढीगंगा नगरपालिका शिक्षकहरूले चार महिनायता तलब पाएका छैनन्, त्यहाँका शिक्षकहरू अहिले पनि आन्दोलनमै छन् ।

महासंघका अनुसार धनुषाको कमलामाई नगरपालिका पनि गत साउनदेखि नै शिक्षकहरूले तलब नपाएको अवस्था छ । सिराहाको लहान नगरपालिकासहित मधेस प्रदेशका विभिन्न नगरपालिकाहरूमा प्रशासनिक खिचातानीका कारण शिक्षकहरूले महिनौँदेखि रित्तो हात घर फर्किनुपरेको छ ।

महासंघका महासचिव तुलाबहादुर थापाले यसलाई सरकारको चरम विभेद र हास्यास्पद नाटक' भएको बताएका छन् । उनी भन्छन्, 'एकातिर कर्मचारीलाई सुविधामाथि सुविधा थपिन्छ, अर्कोतिर राष्ट्र निर्माता भनिने शिक्षकलाई ३-४ महिना भोकै राखिन्छ । यो कस्तो लोकतन्त्र हो ?'

बाकी प

## मालपोत कार्यालय बर्दिवासको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सुचना।

कचे दमाईको वुहारी विने दमाईको पत्नि जिल्ला महोत्तरी न.पा./गा.पा बर्दिवास वडा नं.६ मा वस्ने ५९ बर्षकी सरिता दमाईले मेरो जेठाजु नाताका जिते दमाई अविवाहित रहेको निज पछिका नजिकको हकदार बुवा कचे दमाई र एकमात्र आमा मिनमाया दमाईको मृत्यु भएको र निजका एकमात्र भाई विने दमाई (मेरो पति)को समेतको मृत्यु भएकोले तपसिलमा उल्लेखित जग्गा मेरो जेठाजु नाताको जिते दमाईको नामको साविक दर्ता लगत भिडाई जिते दमाईको नामबाट मेरो नाममा छुट जग्गा दर्ता गरी पाउँ भनि द.नं. २६७९ मिति २०८२।०९।२२ को माग दावी गरेकोले माग वमोजिम निवेदकका नाममा छुट जग्गा दर्ता नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफ्ना सबुत प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला अन्यथा कानुन बमोजिम भइ जाने ब्यहोरा जानकारी गराइन्छ।

### तपसिल

| जिल्ला | गा.वि.स | वडा नं. | कि.नं | क्षे.फ. |
|---|---|---|---|---|
| महोत्तरी | किसाननगर | ६/क | ८६ | ०-१३-१६-० |
| महोत्तरी | किसाननगर | ६/क | ८९ | ०-४-१७-० |






# धमाधम हटाइँदै अतिक्रमण

टक नेपाल

वीरगन्ज महानगर क्षेत्रमा त्रिभुवन राजपथ अन्तर्गतको सडक दायाँबायाँ २५ मिटरभित्रका संरचना (घरटहरा) आइतबार बिहानैदेखि भत्काउन सुरु गरिएको छ।

सडक डिभिजन कार्यालय हेटौँडाले करिब एक दर्जन डोजर/एक्साभेटर चलाएर त्रिभुवन राजपथ अन्तर्गतको गण्डकदेखि भन्सार क्षेत्रको मितेरी पुल सडक क्षेत्रमा रहेका सडक अतिक्रमण गरी निर्माण गरिएका संरचना आइतबार बिहान ५:३० बजेबाट हटाउन सुरु गरेको हो।

सडक डिभिजन कार्यालय हेटौँडाका नायब सुब्बा राजकुमार अर्यालका अनुसार यसअघिको सर्वोच्च अदालतको फैसला र सङ्घीय सरकारको निर्णय अनुसार आइतबार बिहानदेखि सडक अतिक्रमण गरी निर्माण गरिएका घरटहरा भत्काउन सुरु गरिएको छ। वीरगन्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले सडक विस्तारका लागि सडक विभागले माग गरे अनुसारका आवश्यक सम्पूर्ण सहयोग उपलब्ध गराइएको बताउनुभयो। वीरगन्जको गण्डक चोकदेखि मितेरी पुलसम्मको मुख्य सडकलाई राष्ट्रिय राजमार्गको मापदण्ड अनुरूप दायाँबायाँ २५/२५ मिटर चौडा पार्ने काम गर्दा अतिक्रमण गरी निर्माण गरिएका करिब एक हजार दुई सय घरटहरा भत्काउनुपर्ने सडक डिभिजन कार्यालय हेटौँडाका इन्जिनियर भोला साहले जानकारी दिनुभयो।

नेपाल प्रहरी, सशस्त्र प्रहरी र नगर प्रहरीको सुरक्षामा सडक अतिक्रमण गरेका २९ वटा सरकारी कार्यालयका भवन तथा एक हजार दुई सय वटा व्यक्तिका निजी स्वामित्वमा रहेका संरचना हटाउने अभियान सुरु गरिएको हो। जिल्ला प्रशासन कार्यालय पर्साले शनिबार साझ सूचना जारी गर्दै त्रिभुवन राजपथ अन्तर्गत नेपाल-भारत मितेरी पुलदेखि गण्डक नहर चोकसम्मको सडक क्षेत्रभित्र रहेका संरचना आइतबार बिहान ४:३० बजेसम्म हटाउन निर्देशन दिएको थियो। यता घर भत्किएका घरधनीले भने २४ घण्टा पनि समय नदिएर संरचना भत्काउने कार्यले आफूमाथि अन्याय गरिएको गुनासो गरेका छन्।

स्थानीय प्रशासनले सूचना जारी गरेपछि शनिबार साँझदेखि नै वीरगन्ज बजार क्षेत्रका घरमा पसल रहेका पसलधनीले धमाधम आफ्नो पसलका सामान स्थानान्तरण गर्न सुरु गरेका थिए भने रातभरिमा अधिकांश पसलधनीले सामान स्थानान्तरण गरिसकेका थिए। सर्वोच्च अदालतले वीरगन्जको मुख्य सडक विस्तारसम्बन्धी मुद्दामा २०८१ फागुन २८ गते सरकारको पक्षमा फैसला गरेको थियो। फैसला भएको करिब एक वर्षपछि कार्यान्वयनका लागि आइतबारदेखि अतिक्रमण गरी बनाइएका घरटहरा हटाउने काम सुरु गरिएको हो।

# तलबमा विभेद: कर्मचारीलाई ........................

किन रोकिन्छ शिक्षकको तलब ?

शिक्षकको तलब संघीय सरकारले 'सशर्त अनुदान'का रूपमा स्थानीय तहलाई पठाउँछ। पैसा केन्द्रबाट गए पनि शिक्षकको हातमा पुग्न स्थानीय तहका केही 'किल्ला'हरू पार गर्नुपर्ने हुन्छ। गाउँपालिका राष्ट्रिय महासंघका कार्यकारी निर्देशक राजेन्द्र प्याकुरेलका अनुसार शिक्षकले तलब नपाउनुका विभिन्न कारण छन्। जसमध्ये पहिलो कारण प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको अभाव हो। धेरैजसो स्थानीय तहमा केन्द्र सरकारले समयमा प्रमुख प्रशासकीय अधिकृत पठाउँदैन। हाकिम र लेखापाल नभएपछि चेकमा हस्ताक्षर हुँदैन, जसका कारण पैसा खातामै थन्किन्छ।

कतिपय स्थानीय तहमा राजनीतिक विवादका कारण समयमा बजेट पारित हुन सक्दैन। नगरसभा नहुँदा खर्च गर्ने कानुनी बाटो बन्द हुन्छ, जसको पहिलो मार शिक्षकमाथि पर्छ। केन्द्रले कर्मचारी नखटाउने तर दोष जति स्थानीय तहलाई दिने प्रवृत्तिले समस्या बल्झिएको प्याकुरेलको तर्क छ।

कर्मचारीको तर्क : १५ दिनमा तलब दिएर केही फरक पर्दैन

सरकारले कर्मचारीका लागि यो निर्णय गरेको दाबी गरे पनि स्वयं कर्मचारी नेताहरू नै यसमा उत्साहित छैनन्। निजामती कर्मचारी युनियनका सचिव प्रकाश भट्टराई सरकारको यो कदमलाई 'भ्रम छर्ने काम' मात्र मान्छन्। भट्टराई भन्छन्, 'नेपालमा कर्मचारीको तलब यति न्यून छ कि त्यसले १५ दिनको त के कुरा, महिनाभरिको खर्च पनि धान्न मुस्किल छ। १५-१५ दिनमा पैसा दिँदैमा कर्मचारीको क्रयशक्ति बढ्ने होइन।'

उनका अनुसार कर्मचारीको मुख्य चासो 'संघीय निजामती सेवा ऐन' र आफ्नो वृत्ति विकासमा छ, तर सरकार भने यस्ता सानातिना कुरामा अल्झिएर मुख्य समस्याबाट भाग्न खोजिरहेको छ। बजारमा तरलता बढ्ने सरकारको दाबीलाई पनि कर्मचारी युनियनले चुनौती दिएको छ। आधारभूत आवश्यकता (गाँस, बास र कपास) पूरा गर्नै धौ-धौ परिरहेको तलबले विलासिताका सामान किन्न वा थप खर्च गर्न असम्भव रहेको उनीहरूको बुझाइ छ।

शिक्षक र कर्मचारीमा राज्यको 'दुई जिब्रे' नीति

नेपालको शैक्षिक सुधारका लागि शिक्षकहरूको भूमिका सबैभन्दा महत्त्वपूर्ण हुन्छ, तर व्यवहारमा शिक्षकहरूलाई सधैँ दोस्रो दर्जाको नागरिकका रूपमा हेरिने गरिएको महासंघको गुनासो छ। जब निजामती कर्मचारीको तलब बढ्छ, शिक्षकको पनि स्वतः बढ्ने प्रावधान त छ, तर सुविधा वितरणको सन्दर्भमा भने राज्यले सधैँ निजामतीलाई काखा र शिक्षकलाई पाखा गरेको तथ्यांकले पनि देखाउँछ। अहिलेको १५ दिने तलब व्यवस्थाले यसलाई अझै मलजल गरेको देखिन्छ।

महासचिव तुलाबहादुर थापा आक्रोश व्यक्त गर्छन्, 'हामीले वर्षौंदेखि शिक्षक अस्पताल मागिरहेका छौँ, पर्यटन काजको सुविधा मागेका छौँ, त्यो पाइँदैन। तर कर्मचारीका लागि बिनामाग १५ दिनमै तलब पुऱ्याइन्छ। यो विभेदले शिक्षकहरूमा चरम नैराश्यता पैदा गरेको छ।'

एक शिक्षक भन्छन्, '३-४ महिना तलब नपाउँदा शिक्षकहरू स्थानीय साहुसँग ऋण लिन बाध्य छन्। हातमा तलब पर्दा ब्याज तिर्दैमा ठिक्क हुने हुन्छ। समाजमा गुरुको दर्जा पाएका व्यक्तिहरूले किराना पसलको उधारो तिर्न नसक्दा शिर निहुराउनुपर्ने अवस्था आउनु राज्यकै लज्जाको विषय हो।'

सरकारको यो कदमप्रति पूर्वप्रधानाध्यापक हरि प्रसाद शर्मा भन्छन्, 'सरकारको १५ दिने तलब निर्णय कार्यान्वयन गर्नु आफैँमा नराम्रो होइन, तर यो चुनिँदा वर्गका लागि मात्र हुनु हुँदैन। यदि राज्यले कर्मचारीलाई सुविधा दिन्छ भने सोही राज्यका लागि अहोरात्र खटिने शिक्षकहरूलाई पनि समान व्यवहार गर्नुपर्छ।'

३४ वर्ष सरकारी विद्यालयमा काम गरेका उनी थप्छन्, 'सरकारले ल्याएको १५ दिने तलबको नयाँ व्यवस्थाले केही कर्मचारीलाई क्षणिक सहजता त देला, तर जबसम्म देशभरका हजारौँ शिक्षकहरू महिनौँसम्म भोको बस्नुपर्ने अवस्था रहन्छ।' यस्ता निर्णयहरू हास्यास्पद र विभेदकारी हुने उनको भनाइ छ।

स्वास्थ्य सचेतना कार्यक्रम
स्वस्थ्य खुशी जीवनका सरल उपायहरु
नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रणका उपायहरु

१ धुम्रपान तथा सूर्तिजन्य पदार्थको सेवन नगर्ने
– क्यान्सर, मुटुरोग, दीर्घ स्वासप्रश्वास अवरोध सम्बन्धी रोग लाग्ने र मधुमेह हुने सम्भावन बढाउने प्रमुख कारक तत्व चुरोट, बिंडी, गुट्का, खैनी जस्ता सूर्तिजन्य पदार्थको सेवन नै हो ।
– अरुले गरेको धुम्रपानको धुँवामा धुम्रपान नगर्नेव्यक्ति बस्दा त्यती नै असर गर्छ ।
– धुम्रपान गर्ने व्यक्तिलाई हृदयघातको खतरा लगभग ३ गुणा बढी हुन्छ।
– धुम्रपान तथा सूर्ति सेवन त्यागेकै दिन देखि हृदयघातका सम्भावना घट्दै जान्छ ।
– युवावस्था देखि नै धुम्रपान गर्ने व्यक्तिलाई हृदयघातको खतरा अत्यान्त धेरै हुन्छ।
– एउटै मात्र चुरोट, बिंडी वा थोरै मात्र सूर्तिजन्य पदार्थको सेवनले पनि हानी गर्न सक्छ । त्यसैले धुम्रपान तथा सूर्तिजन्य पदार्थ सेवन नगरौं ।
– खैनी,सूर्ति, धुम्रपान त्यागौं, जीवन अगालौं

२ मदिराको हानीकारक सेवन नगर्ने :
– रक्सी,विियर, वाइन, जाँड जस्ता मदिराको हानिकारक सेवन गर्दा हृदयघात, कलेजो सम्बन्धी रोग, क्यान्सर, पेट वा आन्द्रमा घाउ हुने र मानसिक असन्तुलन जस्ता रोग र स्वास्थ्य समस्याहरु भै मृत्यु पनि हुन सक्छ।
– मदिराको हानिकारक सेवनले घरेलु हिंसा, अपराध, लत र दुर्घटनालाई बढाउँन्छ । त्यसैले मदिराको सेवन नगर्नुहोस् ।

३ शारीरिक रुपमा सक्रिय रहने
– शरीर सक्रिय राख्ने मध्यम क्रियाकलाप जस्तै योगा,हिँडडुल गर्ने, दौडिने, साइकल चलाउने, पौडी खेल्ने आदि हल्का पसिना आउने गरी हप्ताको कम्तीमा ५ दिन सम्म कमसेकम ३० मिनेट नियमित रुपमा गर्नुहोस् । यसले मुटुरोग हुने जोखिमलाई ३० प्रतिशतले कम गर्दछ ।
– निस्क्रिय जीवन शैली भन्दा सक्रिय जीवन शैली तुलनात्मक रुपमा राम्रो हुन्छ मानिसहरुलाइ निस्क्रिय बनाउने आधुनिक प्रविधिहरु जस्तै टेलिभिजन र कम्प्युटर सुत्ने कोठा वा स्थानमा छन भने हटाउनुहोस् ।
– शरीरको तौल बढी भए घटाउनुहोस्। मोटो होईन तन्दुरुस्त रहनुहेस् ।

४ नून र चिनीको प्रयोग कम गर्ने :
– नूनिलो, गुलियो र प्रशोधित खानेकुरा खानाले क्यान्सर, मुटुरोग र मधुमेह हुने जोखिमलाई बढाउँछ त्यसैले –
– खानामा नूनको प्रयोग कम गर्ने (दिनको ५ ग्राम भन्दा कम)।
– गाँजर, काँक्रो, मुला जस्ता सलादमा नून छर्केर खाने कुरामा नून थपेर नखाने।
– पापड,दालमोठ,भुजिया जस्ता नूनको मात्र बढी भएका खानेकुराहरु कम खाने ।
– कोल्ड डिङ्क्स,गुलिया पिय पदार्थ, मिठाई, चक्लेट जस्ता खानेकुरा हरु कम खाने ।
– चिया वा कफीमा चिनी कम हालेर खाने ।

५ सन्तुलित खाना, प्रशस्त मात्रामा फलफूल र सागसब्जी खाने :
– क्यान्सर, मुटुरोग, मधुमेह र दीर्घ स्वाश्प्रश्वास अवरोध सम्बन्धी रोग लाग्नबाट बच्न अन्न, दाल,गेडागुडी, दूध, दही, हरियो सागसब्जी र फलफूल सन्तुलित रुपमा खाने गर्नुहोस् ।
– मौषमी ताजा फलफूल सागसब्जी दैनिक प्रशस्त ( ४–५ पटक) खाने ।
– खानासँग नून नहालेको सलाद नियमित खाने ।

६ मानसिक तनावको व्यवस्थापन गर्ने र रिस मुक्त रहने :
– घर तथा कार्यालयमा तनाव मुक्त बातवरण सिर्जना गर्ने ।
– ध्यान तथा योग गर्ने जस्तै राजयोग अभ्यास गर्ने ।
– परिवार र साथीभाई सँग प्रर्याप्त मात्रमा समय बिताउने।
– घुमफिर र रमाइलो गर्ने।

७ उच्च ... रोगको अन्य जोखिमहरुलाई व्यवस्थापन गर्ने :
– उच्च रक्तचाप भएमा नियमित जाँच र उपचार गरी नियन्त्रणमा राख्ने ।
– रगतमा चिनी बढेको –मधुमेह भएमा नियमित जाँच र उपचार गरी नियन्त्रणमाराख्ने ।
– रगतमा चिल्लोपना बढेको –उच्च कोलेस्ट्रोल भएमा नियमित जाँच र उपचार गरी नियन्त्रणमा राख्ने ।
– मोटोपना घटाई स्वस्थ तौल (उचाइ अनुसारको तौल कायम गर्ने )



बटेश्वर गाउँपालिका,धनुषा (मधेश प्रदेश)

सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं, पर्यटनलाई प्रवर्द्धन गरौं।

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ-मन्दिर, ऐतिहासिक दरवार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन् । यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो ।

त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौं । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरुसँग मैत्रीपूर्ण व्यवहार गरौं । पर्यटक हाम्रा पाहुना हुन् । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं ।

बटेश्वर गाउँपालिका
महोत्तरी, मधेश प्रदेश

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्धारा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा



SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# प्रदेश सरकारले करार शिक्षक दिँदै : शिक्षामन्त्री शर्मा



● टक नेपाल

मधेश प्रदेशका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर खस्किरहेको वेलामा जनपुरधाममा ११७ वर्ष अघि स्थापना भएको याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालयले आफ्नो पुरानो विरासतलाई कायम राख्दै गुणस्तरीय शिक्षा दिनमा सफल भएको छ।

आधुनिक जनकपुरधामको निर्माताका रुपमा चिनिनु भएका मौनीबाबाले स्थापना गर्नु भएको ज्ञानकूप संस्कृत माध्यमिक विद्यालयले प्राचीन संस्कृत शिक्षा संगै आधुनिक शिक्षामा जोड दिएपछि विद्यार्थी भर्ना भ्याई नभ्याईको अवस्थामा रहेको प्रधानाध्यापक संजय कुमार झाले जानकारी दिनु भएको हो।

विद्यालयले विद्यालयको शैक्षिक तथा भौतिक विकासमा गरेको प्रगतिका कारणले अभिभावकहरुको रोजाईमा पर्न सफल भएको छ। विद्यालयले दिउँसो को समयमा संस्कत शिक्षाका साथै विहानको समयमा अग्रेजी शिक्षा प्रदान गर्दै आएको छ। गत शैक्षिक शत्रमा न्यून शिक्षक तथा पूर्वाधारका बीचमा २ हजार ७ सय ३६ विद्यार्थीहरुलाई भर्ना गरेर अध्ययन अध्यापन गरेका थिए भने यस वर्ष भर्ना हुने क्रम जारी रहेको विद्यालयले जानारी दिएको हो।

विद्यालयको स्थापना दिवसको आज उद्धाटन गर्दै मधेश प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीले सामुदायिक विद्यालयहरुमा निक्कै अब्बल रहेको ज्ञानकूप विद्यालयको थप शैक्षिक विकासका लागि मन्त्रालयले विभिन्न प्रकारको सहयोग गरिरहे को बताउनु भयो ।उहाँले मधेश प्रदेश सरकारले शिक्षकको अभाव रहेका प्रदेशका विभिन्न माध्यमिक तहको विद्यालयहरुमा विज्ञान, गणित तथा नेपाली विषयमा करार शिक्षक खुल्ला प्रतिस्पर्धा गराएर छनौट गरि पठाएको बताउनु भयो। उहाँले अहिले को शिक्षक दरबन्दी विद्यार्थीको अनुपातमा मधेशमा निक्कै कम भएको बताउनु भयो।

धनुषा जिल्लाका शिक्षा विकास तथा समन्वय ईकाईका प्रमुख चेत प्रसाद पोखरेलले देशकै शिक्षा क्षेत्रको विकासमा ज्ञानकूप संस्कृत माध्यमिक विद्यालयको निक्कै ठूलो योगदान भएको बताउनु भयो। स्थानीय अभिभावक तथा बुद्धिजीजि मोहन उपाध्यायले आधुनिक जनकपुरधामको निर्माणमा मौनिवावाको ठूलो योगदान भएको चर्चा गर्दै ज्ञानकूप संस्कृत माध्यमिक विद्यालय, जानकी माध्यमिक विद्यालय र परिक्रमा सडकको निर्माण त्यसको उदाहरण भएको बताउनु भयो।

सो कार्यक्रममा विद्यालयको कक्षा १२ मा विज्ञान विषय लिएर अध्ययन गरेका ९ जना मेधावी तथा समावेशी छात्र, छात्राहरुलाई १० हजार नगद र सम्मानपत्र मन्त्री तिवारीले विद्यालयका तर्फवाट प्रदान गर्नु भयो। यसै गरि उत्कृष्ट अंक ल्याउने कक्षा ११ का चार जना छात्राहरुलाई अवि प्रतिष्ठानले ३ हजार नगर र प्रमाणपत्र प्रदान गरि सम्मानित गरेको छ।

सोही कार्यक्रममा वडा नं ८ का वडा कार्यालयले २०८२ सालको वार्षिक परीक्षामा उत्कृट अंक ल्याउने कक्षा ८ देखि १२ सम्मका छात्राहरु वडाध्यक्ष विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष दिनेश कुमार सिंहले साईकल वितरण गर्नु भयो।

## भन्सार नीति पुनर्विचार गर्न

# केन्द्र सरकारसँग मधेसका अर्थमन्त्रीको आग्रह

● टक नेपाल



भारतबाट हुने सामान आयातमा हाल लागू गरिएको भन्सारसम्बन्धी व्यवस्थाले सीमा क्षेत्रका नागरिकको दैनिकी असहज बन्दै गएको भन्दै मधेस प्रदेशका अर्थमन्त्री महेशप्रसाद यादवले सरकारको गम्भीर ध्यानाकर्षण गराएका छन्।

सोमबार सार्वजनिक गरिएको वक्तव्यमार्फत मन्त्री यादवले सीमामा लागु गरिएका कडाइपूर्ण नीतिका कारण सामान्य आवतजावतदेखि दैनिक उपभोग्य वस्तुको ओसारपसारसम्म प्रभावित भएको उल्लेख गरेका छन्। उनका अनुसार यसले सीमावर्ती क्षेत्रका बासिन्दाको जीवनयापन मात्र कठिन बनाएको छैन, नेपाल-भारतबिच सदियौँदेखि कायम रहँदै आएको सामाजिक तथा सांस्कृतिक सम्बन्धमा समेत असर पार्न थालेको छ।

'यस्ता व्यवस्थाले केवल आर्थिक गतिविधिमा मात्र होइन, दुई देशबिचको 'बेटी-रोटी' सम्बन्धमै समेत असहजता सिर्जना गरेको छ,' वक्तव्यमा भनिएको छ। अर्थमन्त्री यादवले हालको अवस्थाबारे यथार्थ अध्ययन गरी नागरिकमैत्री, व्यवहारिक र सन्तुलित नीति अवलम्बन गर्न नेपाल सरकारसँग आग्रह गरेका छन्। सीमा क्षेत्रमा बसोबास गर्ने नागरिकको संवेदनशीलतालाई केन्द्रमा राखेर नीतिगत निर्णय हुनुपर्ने उनको जोड छ।

यसैबिच उनले मधेस प्रदेशका विभिन्न स्थानमा भइरहेको सडक तथा फुटपाथ व्यवस्थापनका क्रममा साना तथा निम्न आय भएका व्यवसायी प्रभावित भइरहेको विषयप्रति पनि ध्यानाकर्षण गराएका छन्।

पछिल्लो समय बजार व्यवस्थापनको नाममा वैकल्पिक व्यवस्था नगरी चालिएका कदमले साना व्यवसायीको रोजीरोटीमै प्रत्यक्ष असर परेको उनले उल्लेख गरेका छन्। 'स्पष्ट विकल्पबिना गरिने यस्ता कार्यले साना उद्यमीको आर्थिक अवस्था झन् जटिल बनाउने जोखिम बढेको छ,' यादवको भनाइ छ।

उनले सडक व्यवस्थापन आवश्यक भए पनि त्यसबाट प्रभावित व्यवसायीको पुनःस्थापनाका लागि ठोस योजना अनिवार्य रूपमा ल्याउनुपर्ने माग गरेका छन्। अर्थमन्त्री यादवले नेपाल सरकार, गृह मन्त्रालय तथा सम्बन्धित निकायसँग दुवै विषयमा आवश्यक समन्वय, संवाद र दीर्घकालीन समाधान खोज्न आग्रह गरेका छन्।







बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014